# उच्च सरकारी वकील कार्यालय

## जुम्ला

प.सं.:- २०७८/०७९ मिति:- २०७८/१०/२४

च.नं.:- ३८६

**विषयः- बढुवा दरखास्त फारम भर्ने सम्बन्धमा ।**

श्री जिल्ला सरकारी वकील कार्यालय,
हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालिकोट ।

उपरोक्त विषयमा यस कार्यालयमा रहने बढुवा समितिको सचिवालयमा नेपाल न्याय सेवा, सरकारी वकील समूह (अप्राविधिक) रा.प.अनं प्रथम श्रेणीको जेष्ठता तथा कार्यसम्पादन मुल्याङ्कनको बढुवाको दरखास्त फाराम भर्ने सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । प्राप्त भएपछि तँहा कार्यालयमा कार्यरत नेपाल न्याय सेवा सरकारी वकील समूह रा.प.अनं. द्वितीय श्रेणीमा कार्यरत कर्मचारीहरुलाई निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिमको अवधि पूरा भएका, सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा S.L.C. वा सो सरहको शैक्षिक योग्यता भएको, ऐ.दफा २२ बमोजिमको अवस्था नरहेका, निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य कर्मचारीहरुलाई उक्त रिक्त पदमा बढुवाको सूचनामा उल्लेखित मिति सम्ममा यस कार्यालयमा रहेको बढुवा समितिको सचिवालयमा दरखास्त दिनहुन जानकारी गराई बढुवाको सूचना कार्यालयको सूचना पाटीमा टाँस गरी यस कार्यालयलाई सो को जानकारी समेत दिन हुन अनुरोध गरिन्छ। साथै बढुवाको दरखास्त फारम E-mail बाट पनि सूचनामा उल्लेखित मितिमा प्राप्त भएमा दर्ता हुने व्यहोरा समेत जानकारी गराइन्छ।

२०७८/१०/२४

(सीताराम राउत)
नि. सह-न्यायाधिवक्ता

नि.सहन्यायाधिवक्ता

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"
फोन/फ्याक्स :- ०८७-५२००१०
Email:- appelateattorneyjumla@gmail.com & hgao.jumla@ag.gov.np

# उच्च सरकारी वकील कार्यालय जुम्लाको
# बढुवा समितिको सचिवालयको

## सूचना! सूचना!! सूचना!!!

यस उच्च सरकारी वकील कार्यालय जुम्ला र मातहत कार्यालय जिल्ला सरकारी वकील कार्यालय हुम्लामा रिक्त रहेको नेपाल न्याय सेवा, सरकारी वकील समूह रा.प.अनं. (अप्राविधिक) प्रथम श्रेणी पद २(दुई) मा पदपूर्तिहुनको लागि माग आकृति फाराम भरी लोकसेवा आयोग सुर्खेत कार्यालयमा यस कार्यालयको च.नं. ३५८ मिति २०७८/०९/२६ मा पठाइएकोमा लोकसेवा आयोग सुर्खेत कार्यालयको च.नं. ३३२ मिति २०७८/०९/२८ को पत्रबाट उक्त रिक्त पदमध्ये पद १(एक) मा जेष्ठता तथा कार्यसम्पादन मुल्याङ्कनद्वारा पदपूर्ति हुने भनी प्रतिशत निर्धारण भई लोकसेवा आयोगबाट मिति २०७८/०९/२८ मा उक्त रिक्त पद निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले बढुवा सूचना नं. २५९/०७८-०७९ न्याय सेवा, सरकारी वकील समूह पद १(एक) मा उच्च सरकारी वकील कार्यालय जुम्ला तथा जिल्ला सरकारी वकील कार्यालय हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालिकोटमा कार्यरत रा.प.अनं. द्वितीय श्रेणीका सम्बन्धित सेवा समूहका कर्मचारीहरुले मिति २०७८/११/०३ गते सम्ममा बढुवा समितिको सचिवालय सम्बन्धित उच्च अदालतका मुख्य न्यायाधिशले तोकेको अदालत वा सरकारी वकील कार्यालयमा दरखास्त दिनहुन भनी बढुवाको सूचना प्रकाशित भएकोमा, यस कार्यालयको च.नं. ३८५ मिति २०७८/१०/१६ को पत्रबाट बढुवा समितिको सचिवालय तोकिदिने भनी उच्च अदालत सुर्खेतमा पत्राचार भएकोमा उच्च अदालत सुर्खेतको च.नं. ३४०५ मिति २०७८/१०/२३ को पत्रबाट रिक्त उल्लेखित पदमा बढुवा गर्नहुन भनी यसै कार्यालयलाई बढुवा समितिको सचिवालय तोकिएको जानकारी प्राप्त हुन आएको हुँदा लोकसेवा आयोगको मिति २०७८/०९/२८ मा प्रकाशित बढुवा सूचना नं. २५९/०७८-०७९ उल्लेख गरी मिति २०७८/११/०३ गते सम्ममा यस कार्यालय र मातहतका जिल्ला सरकारी वकील कार्यालयहरु हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालिकोटमा कार्यरत नेपाल न्याय सेवा सरकारी वकील समूह रा.प. अनं. द्वितीय श्रेणीमा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयमा रहेको बढुवा समितिको सचिवालयमा दरखास्त दिनहुन जानकारी गराई बढुवा सूचना कार्यालयको सूचना पाटीमा टाँस गरी यस कार्यालयलाई जानकारी दिनहुन अनुरोध गरिन्छ ।

२०७८/१०/२४

नि. सहन्यायाधिवक्ता